# सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२

१. प्रत्यायोजित विधायन जारी गर्ने मन्त्रालयः अर्थ मन्त्रालय
२. निर्णय गर्ने अधिकारीः मा. उपप्रधानमन्त्री तथा अर्थ मन्त्री
३. निर्णय मितिः २०८२/०१/१०
४. दर्ता नं. र मितिः ०१/०८२, २०८२/०१/१२

**प्रस्तावनाः** सार्वजनिक प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन प्रक्रियालाई सरल, सहज प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५० को दफा २०क. ले दिएको अधिकार प्रयोग गरी सरकारी लगानी व्यवस्थापन समितिको सिफारिसमा अर्थ मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२। **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "इकाई" भन्नाले ऐनको दफा ५ग. बमोजिम गठन भएको सरकारी लगानी व्यवस्थापन इकाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५० सम्झनु पर्छ।

(ग) "कार्यान्वयन समिति" भन्नाले ऐनको दफा ५क. बमोजिम गठन भएको कार्यान्वयन समिति सम्झनु पर्छ।

(घ) "प्रस्ताव" भन्नाले कुनै प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन गर्दा आव्हान गरिएको सूचना सम्बन्धमा प्रस्तावकद्वारा पेस गरिएको प्रस्तावसँग सम्बन्धित कागजात सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको अर्थ मन्त्रालय सम्झनु पर्छ।

(च) "सम्झौता" भन्नाले सरकारी लगानी व्यवस्थापन गरिने प्रतिष्ठानलाई सरकारी लगानी व्यवस्थापन गर्नु अगावै लिने र दिने दुवै पक्षले पालना गर्नु पर्ने सर्तहरू खुलाइएको कागजात सम्झनु पर्छ।

३. **समितिको बैठक सम्बन्धी अन्य कार्यविधिः** (१) ऐनको दफा ५ मा उल्लिखित विषयको अतिरिक्त समितिको बैठक सम्बन्धी अन्य कार्यविधि देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकमा पेस हुने विषयवस्तुको कार्यसूची अध्यक्षको निर्देशनमा सदस्य-सचिवले तयार गरी बैठक बस्नुभन्दा कम्तीमा चौबिस घण्टा अगावै सबै सदस्यलाई प्राप्त हुने गरी पठाउनु पर्ने,

(ख) खण्ड (क) बमोजिम बैठकको कार्यसूची पठाउँदा विद्युतीय माध्यम (म्यासेजिङ प्लेटफर्म वा इमेल) बाट समेत पठाउन सकिने,

(ग) बैठकको कार्यसूचीमा नपरेका तर तत्काल सम्बोधन हुनुपर्ने कुनै विषयमा निर्णय गर्नु परेमा अध्यक्षको अनुमतिमा सो विषयलाई बैठकको कार्यसूचीमा समावेश गर्न सकिने,

(घ) बैठकको प्रस्ताव माथिको छलफल पश्चात् अध्यक्षको अनुमतिले सचिवले निर्णय हुने व्यहोरा प्रस्तुत गर्ने,

(ङ) बैठकमा अध्यक्षको अनुमतिले कुनै विषयसँग सम्बन्धित विज्ञ वा कर्मचारीलाई सो विषयमा प्रस्ट पार्न समय दिन सकिने।

(२) समितिको सचिवालयको काम मन्त्रालयको सम्बन्धित विषयक्षेत्र हेर्ने महाशाखाले गर्नेछ।

(३) समितिको बैठकको निर्णय तथा सो सम्बन्धी अन्य अभिलेख सचिवालयले सुरक्षित रुपमा राख्नु पर्नेछ।

४. **प्रतिष्ठानको वर्गीकरणका आधारः** (१) समितिले सरकारी लगानी व्यवस्थापन सम्बन्धी कार्यक्रम र प्राथमिकता निर्धारण गरी कुनै प्रतिष्ठानको वर्गीकरण गर्दा देहायको कुनै आधार लिन सक्नेछः-

(क) प्रतिष्ठानबाट उत्पादन हुने वस्तु वा सेवाको बजारमा उपलब्धताको अवस्था,

(ख) प्रतिष्ठानको नाफा वा घाटाको अवस्था,

(ग) बजारमा प्रतिस्पर्धाको अवस्था,

(घ) प्रतिष्ठानको रणनीतिक महत्त्व,

(ङ) प्रतिष्ठानले भविष्यमा गर्न सक्ने उत्पादन,

(च) प्रतिष्ठानले राजस्वमा दिने योगदान,

(छ) प्रतिष्ठानको कोषमा व्यवस्था नगरिएको दायित्वको अवस्था,

(ज) प्रतिष्ठानले रोजगारीमा गर्न सक्ने योगदान र भविष्यको सम्भावना,

(झ) प्रतिष्ठानमा गरिएको ऋण वा सेयर लगानी र प्रतिफलको अवस्था,

(ञ) सूचना प्रविधि र नवप्रवर्तनको प्रयोगको अवस्था,

(ट) समान प्रकृतिका प्रतिष्ठानमा विगतमा गरिएको सरकारी लगानी व्यवस्थापनको प्रयोग,

(ठ) प्रतिष्ठानको ख्याति (रिप्युटेसन) वा

(ड) प्रतिष्ठानको वार्षिक बजेटमा सरकारी निर्भरता।

(२) उपदफा (१) मा उल्लिखित आधारमा समितिले सार्वजनिक प्रतिष्ठानको लगानी व्यवस्थापनका लागि प्राथमिकता निर्धारण गरी देहायका अवधिभित्र थप अध्ययन गर्न सक्नेछः-

(क) तत्काल सरकारी लगानी व्यवस्थापन गर्नु पर्ने प्रतिष्ठान भएमा - एक वर्षभित्र

(ख) मध्यकालमा सरकारी लगानी व्यवस्थापन गर्नु पर्ने प्रतिष्ठान भएमा - एक वर्षदेखि पाँच वर्षसम्म

(ग) दीर्घकालमा सरकारी लगानी व्यवस्थापन गर्नु पर्ने प्रतिष्ठान भएमा - पाँच वर्षभन्दा बढी

५. **कार्यान्वयन समितिको कार्यः** ऐनको दफा ५क. मा उल्लिखित कार्य सम्पादनको लागि कार्यान्वयन समितिले देहायका कार्य गर्नेछः-

(क) समितिको बैठकमा पेस गर्नु पर्ने विषयवस्तु पहिचान गर्ने,

(ख) सरकारी लगानी व्यवस्थापन गरिएको प्रतिष्ठानसँग भएको सम्झौता बमोजिम कार्यसम्पादन सूचक तयार गरी अनुगमन गर्ने,

(ग) सरकारी लगानी व्यवस्थापन गर्ने चरणमा रहेका र गर्नु पर्ने सम्भावित प्रतिष्ठानको अध्ययन गर्न आवश्यकता अनुसार कार्यक्षेत्रगत सर्त तयार गर्ने,

(घ) सरकारी लगानी व्यवस्थापनमा देखिएका प्रशासनिक जटिलता तथा समस्याको निराकरण गर्ने,

(ङ) सरोकारवाला निकायसँग समन्वय गर्ने,

(च) इकाईलाई आवश्यकता अनुसार निर्देशन दिने।

६. **इकाईको कार्यः** ऐनको दफा ५ग. बमोजिम गठन हुने इकाईले प्रतिष्ठानमा रहेको सरकारी लगानी व्यवस्थापन सम्बन्धमा समिति र कार्यान्वयन समितिलाई सहयोग गर्न देहायका कार्य गर्नेछः-

(क) समिति र कार्यान्वयन समितिले दिएको निर्देशन अनुरूप काम गर्ने,

(ख) सरकारी लगानी व्यवस्थापन सम्बन्धमा अध्ययन गर्नु पर्ने विषय पहिचान गरी कार्यान्वयन समिति समक्ष पेस गर्ने,

(ग) सरकारी लगानी व्यवस्थापन सम्बन्धी अध्ययन गर्न आवश्यकता अनुसार विज्ञहरूको सूची (रोष्टर) तयार गर्ने,

(घ) सार्वजनिक प्रतिष्ठान सुधारको कार्ययोजना तयार गरी कार्यान्वयन समिति मार्फत समिति समक्ष पेस गर्ने,

(ङ) समितिबाट मूल्याङ्कन गराउने गरी निर्णय भएका प्रतिष्ठानहरूको मूल्याङ्कन गर्न आवश्यक विषयविज्ञ सम्बन्धित निकायहरूबाट माग गर्ने,

(च) विषयविज्ञलाई तोकेका सर्त अनुसार नियुक्ति दिने तथा उनीहरूको काम सम्बद्ध विषयमा आवश्यक समन्वय र सहजीकरण गर्ने तथा निजहरुको कामको मूल्याङ्कन गर्ने,

(छ) सरकारी लगानी व्यवस्थापन सम्बन्धी सूचना, प्रस्ताव सम्बन्धी कागजात, मूल्याङ्कन सूचक र सम्झौताको मस्यौदा तयार गरी स्वीकृतिका लागि पेस गर्ने।

७. **<u>सम्पत्ति भाडामा निजी क्षेत्रको सहभागिता</u>**ः (१) सम्बन्धित मन्त्रालयले प्रतिष्ठानको सम्पत्ति भाडामा निजी क्षेत्रको सहभागिता गराउनका लागि समिति समक्ष ऐनको दफा ५घ. बमोजिम सैद्धान्तिक सहमति माग गर्दा भाडामा दिने त्यस्तो सम्पत्तिका सम्बन्धमा देहायका विषय खुलाउनु पर्नेछः-

(क) भाडामा दिने सम्पत्तिमा जग्गा भए नापी नक्सा सहित चार किल्ला खुलेको विवरण,

(ख) भवन भए भवनको क्षेत्रफल, मूल्य, तल्ला, ब्लक नम्बर र निर्माण मिति,

(ग) मेसिनरी भए बजार मूल्य, ह्रास कट्टि, ह्रास कट्टि पश्चात कायम हुन आउने मूल्य, स्पेसिफिकेसन, सञ्चालनको स्थिति र मेसिन रहेको स्थान,

(घ) अन्य सम्पत्ति भए सो सम्बन्धी विवरण,

(ङ) समितिले निर्णय गरी माग गरेका अन्य विवरण।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनुपूर्व भाडामा निजी क्षेत्रको सहभागिता भइरहेको सार्वजनिक प्रतिष्ठानले समितिको सैद्धान्तिक सहमति लिनु पर्ने छैन।

तर सम्झौता समाप्त भई पुनः सम्झौता गर्नु पर्ने भएमा पुनः सहमति लिनु पर्नेछ।

(३) सम्पत्ति भाडामा निजी क्षेत्रको सहभागिताको लागि समितिबाट सैद्धान्तिक सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले पन्ध्र दिनभित्र स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त भएपछि देहायका विषय समावेश गरी सम्पत्ति भाडामा निजी क्षेत्रको सहभागिताको लागि राष्ट्रियस्तरको पत्रिकामा र प्रतिष्ठान सम्बद्ध मन्त्रालयको वेब साईटमा तीस दिनको समय दिई प्रस्ताव आव्हानको सूचना प्रकाशित गर्नु पर्नेछः-

(क) प्रस्तावमा खुलाउनु पर्ने आधारभूत विषय र प्रस्ताव पेस गर्ने ढाँचा,

(ख) प्रस्ताव साथ पेस गर्नु पर्ने आवश्यक कागजात,

(ग) प्रस्ताव मूल्याङ्कनका आधार,

(घ) प्रस्ताव पेस गर्ने तरिका,

(ङ) प्रस्ताव पेस गर्न कुनै शुल्क लाग्ने भए सो बापतको रकम र जम्मा गर्नु पर्ने राजस्व शीर्षक,

(च) प्रस्ताव पेस गर्न धरौटी वा बैङ्क जमानत राख्नु पर्ने भएमा सोको विवरण र बैङ्क जमानतको अवधि,

(छ) अनुभव लगायतका कुनै विवरण आवश्यक पर्ने भए सोसम्बन्धी विवरण,

(ज) प्रस्ताव पेस गर्ने, प्रस्ताव खोल्ने लगायतको मिति, समय र स्थान सम्बन्धी विवरण।

(५) भाडा सम्बन्धी प्रस्तावको मूल्याङ्कन सम्बन्धित मन्त्रालयले ऐनको दफा १० मा उल्लिखित आधार र विधि बमोजिम गर्नु पर्नेछ।

(६) भाडा अवधि समाप्त हुनुभन्दा एक वर्ष अगावै सम्बन्धित मन्त्रालयले नयाँ भाडा प्रक्रियाको सुरुवात गर्नु पर्नेछ।

(७) मन्त्रालयले देहायका विषय यकिन गरेपछि मात्र भाडामा दिएको सम्पत्तिको भाडा अवधि समाप्ति वा अन्य कुनै कारणबाट भाडामा दिएको सम्पत्ति पुनः फिर्ता लिने निर्णयको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेस गर्नु पर्नेछः-

(क) प्रतिष्ठानको सम्पत्तिको अवस्था देखिने प्राविधिक पक्ष समेटिएको विस्तृत अध्ययन प्रतिवेदन तयार भएको,

(ख) सम्पत्तिको अवस्था फरक परेमा त्यसको विस्तृत विवरण, मूल्य र दायित्व यकिन भएको विवरण,

(ग) प्रतिष्ठानमा भाडावालाको कुनै पनि प्रकारको सिर्जित दायित्व नरहेको यकिन विवरण।

(८) उपदफा (७) बमोजिम कुनै प्रतिष्ठानको भाडामा लगाएको सम्पत्ति फिर्ता लिने निर्णय हुँदा भाडामा लिने निजी क्षेत्रको कुनै दायित्व भएमा त्यस्तो दायित्व फरफारख गर्न लगाउनु पर्नेछ। त्यसरी दायित्व फरफारख नगरेमा त्यस्तो दायित्व सरकारी बाँकी सरह असुल उपर गर्न वा प्रचलित कानून बमोजिम निजलाई कालोसूचीमा राख्नु पर्ने भएमा कालोसूचीमा राख्न वा दुवै कार्य गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

८. **<u>व्यवस्थापन करारमा निजी क्षेत्रको सहभागिता</u>**: (१) सम्बन्धित मन्त्रालयले प्रतिष्ठानको व्यवस्थापन करारमा निजी क्षेत्रको सहभागिता सम्बन्धमा देहायका विषय समेटिएको विस्तृत अध्ययन प्रतिवेदन र सो उपर मन्त्रालयको प्रस्ट राय सहित समिति समक्ष ऐनको दफा ५घ. बमोजिम सैद्धान्तिक सहमति माग गर्नु पर्नेछः-

(क) व्यवस्थापन करारको दायरा,

(ख) लागत व्यहोर्ने मोडालिटी,

(ग) प्राप्त हुने लाभ,

(घ) व्यवस्थापन करारको लक्ष,

(ङ)	व्यवस्थापन करारको कार्यसम्पादन मापन सूचक र विधि,

(च)	व्यवस्थापकीय संरचना र उत्तरदायित्व,

(छ)	निर्णय प्रक्रिया,

(ज)	अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था,

(झ)	विवाद समाधान विधि,

(ञ)	व्यवस्थापन करारको समाप्ति पश्चात् प्रतिष्ठान सञ्चालनको योजना,

(ट)	समितिले निर्णय गरी माग गरेका व्यवस्थापन करारको औचित्य पुस्टि गर्ने अन्य विवरण।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागू हुनुपूर्व व्यवस्थापन करारमा निजी क्षेत्रको सहभागिता भइरहेको सार्वजनिक प्रतिष्ठानले समितिको सैद्धान्तिक सहमति लिनु पर्ने छैन।

तर करार अवधि सकिएपछि पुनः करार गर्नु पर्ने भएमा पुनः समितिको सहमति लिनु पर्नेछ।

(३) व्यवस्थापन करारमा निजी क्षेत्रको सहभागिताको लागि समितिबाट सैद्धान्तिक सहमति प्राप्त भएपछि सम्बन्धित मन्त्रालयले पन्ध्र दिनभित्र स्वीकृतिको लागि नेपाल सरकार (मन्त्रिपरिषद्) समक्ष प्रस्ताव पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम पेस भएको प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति प्राप्त भएपछि दफा ७ को उपदफा (३) मा उल्लेख गरिएका विषय समावेश गरी व्यवस्थापन करारमा निजी क्षेत्रको सहभागिताको लागि राष्ट्रियस्तरको पत्रिकामा र तीस दिनको समय दिई प्रतिष्ठान सम्बद्ध मन्त्रालयको वेब पेजमा प्रस्ताव आव्हानको सूचना प्रकाशित गर्नु पर्नेछ।

(५) व्यवस्थापन करार सम्बन्धी प्रस्तावको मूल्याङ्कन सम्बन्धित मन्त्रालयले ऐनको दफा १० मा उल्लिखित आधार र विधि बमोजिम गर्नु पर्नेछ।

(६) व्यवस्थापन करारको निरन्तरता गर्नु पर्ने आवश्यक भएमा करार अवधि समाप्त हुनुभन्दा एक वर्ष अगावै सम्बन्धित मन्त्रालयले नयाँ प्रक्रियाको सुरुवात गर्नु पर्नेछ।

(७) कुनै प्रतिष्ठानको व्यवस्थापन करार अन्त्य भएको अवस्थामा व्यवस्थापन करार लिने निजी क्षेत्रको कुनै दायित्व भएमा त्यस्तो दायित्व फरफारख गर्न लगाउनु पर्नेछ। त्यसरी दायित्व फरफारख नगरेमा त्यस्तो दायित्व सरकारी बाँकी सरह असुल उपर गर्न वा प्रचलित कानून बमोजिम निजलाई कालोसूचीमा राख्नु पर्ने भएमा कालोसूचीमा राख्न वा दुवै कार्य गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

९.	**<u>प्रतिष्ठानको मूल्याङ्कन</u>**ः ऐनको दफा ७ बमोजिम सरकारी लगानी व्यवस्थापन गरिने प्रतिष्ठानको मूल्याङ्कनका लागि समितिले यस कार्यविधिमा उल्लिखित व्यवस्थाको

अधीनमा रही मूल्याङ्कनकर्ता नियुक्ति गरी प्रतिवेदन पेस गर्न कार्यान्वयन समितिलाई निर्देशन दिन सक्नेछ।

१०. **<u>बन्द, रुग्ण वा निरन्तर पाँच वर्ष घाटामा रहेका प्रतिष्ठानको मूल्याङ्कन</u>:** बन्द, रुग्ण वा निरन्तर पाँच वर्ष घाटामा रहेका प्रतिष्ठानहरू मूल्याङ्कन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) ऐनको दफा ७ को उपदफा (१) बमोजिम स्वदेशी विशेषज्ञको टोलीबाट प्रतिष्ठानको मूल्याङ्कन गराउने भएमा लेखापरीक्षक वा मूल्याङ्कनकर्ता, कानून विज्ञ, वित्तीय विश्लेषक र उद्योग विज्ञ रहेको कम्तीमा चार जना स्वदेशी विशेषज्ञको टोलीबाट परामर्श सेवा लिने,

(ख) खण्ड (क) बमोजिमको टोलीमा रहने विशेषज्ञ सम्बन्धित क्षेत्रका छाता सङ्घ वा संस्था वा सार्वजनिक संस्था मार्फत सहभागी गराउन सकिने,

(ग) प्रतिष्ठानको सम्पत्ति मूल्याङ्कनको लागि कुनै विशेषज्ञ आवश्यक देखिएमा विकास साझेदारहरुसँग विशेषज्ञ माग गर्न सकिने।

११. **<u>विशेषज्ञको सेवा लिने सम्बन्धी कार्यविधिः</u>** (१) स्वदेशी विशेषज्ञको टोलीलाई प्रतिष्ठानको मूल्याङ्कन सम्बन्धी कार्य गर्न ऐनको दफा ७ को उपदफा (२) मा तोकिएको सर्तको अतिरिक्त अनुसूची-१ बमोजिम कार्यसर्त तोकी कार्य जिम्मेवारी दिइनेछ।

(२) प्रतिष्ठानको मूल्याङ्कन गर्न जिम्मेवारी दिइएको स्वदेशी विशेषज्ञको टोलीलाई कार्य सम्पन्न गर्न अधिकतम तीन महिनाको समय अवधि उपलब्ध गराइनेछ। विशेषज्ञको टोलीले देहायका विषय खुलाई निर्धारित समयमा एकीकृत प्रतिवेदन तयार गरी पेस गर्नु पर्नेछः-

(क) प्रतिष्ठानको चल, अचल सम्पत्ति तथा ब्रान्डको छुट्टाछुट्टै मूल्य,

(ख) प्रतिष्ठानको दायित्वको स्पष्ट विवरण,

(ग) ऐनको दफा ८ बमोजिमको लगानी व्यवस्थापन सम्बन्धी प्रक्रियाको उत्तम विकल्प,

(घ) उपदफा (१) बमोजिमको कार्यसर्तमा उल्लिखित आधारभूत विषय।

(३) विशेषज्ञको टोलीलाई मूल्याङ्कनको लागि आवश्यक वित्तीय विवरण, बैङ्कमा रहेका खाता र रकम, सेयर तथा ऋण र लगानी सम्बन्धी विवरण, ऋण सम्झौता, स्वामित्व सम्बन्धी कागजात, अनुमति (लाइसेन्स तथा पर्मिट), पेटेन्ट दर्ता र बौद्धिक सम्पत्ति, कर्मचारी र सो सम्बन्धी दायित्व, कर (आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, व्यावसायिक कर वा अन्य समेत), भाडामा दिएको वा लिएको सम्पत्ति, प्लान्ट र औजार उपकरण, उपभोक्ताको विवरण, प्राविधिक तथ्याङ्क लगायतका विवरण तथा व्यवस्थापन सूचना प्रणालीमा सहजरुपमा पहुँच हुने व्यवस्था प्रतिष्ठानसँग सम्बन्धित मन्त्रालय र सम्बन्धित प्रतिष्ठानले मिलाउनु पर्नेछ।

(४) विशेषज्ञको टोलीले कार्य सम्पादन गर्दा गोपनीयता कायम राख्नु पर्नेछ। सम्बन्धित विशेषज्ञले मूल्याङ्कन गर्न लागेको प्रतिष्ठानसँग आफ्नो कुनै किसिमको स्वार्थ रहेको भएमा सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(५) दफा १० को खण्ड (ख) बमोजिमका निकायमा विशेषज्ञ पठाइदिन अनुरोध गर्दा सम्बन्धित निकायबाट विशेषज्ञ नपठाएमा यस कार्यविधिमा उल्लिखित कार्यसर्तको अधीनमा रहेर मन्त्रालयले स्वदेशी विशेषज्ञको सेवा खरिद सम्बन्धी कार्य सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम गर्नेछ। त्यसरी सेवा खरिद गर्दा प्रत्येक प्रतिष्ठानको लागि अलग अलग टोलीसँग सेवा खरिद गर्नु पर्नेछ।

(६) दफा १० को खण्ड (ख) बमोजिमका संस्थासँग सिधै वार्ताको आधारमा स्वदेशी विशेषज्ञको सेवा खरिद गर्न सकिनेछ।

(७) स्वदेशी विशेषज्ञको योग्यता अनुसूची-२ बमोजिम हुनेछ र त्यस्तो विशेषज्ञको पारिश्रमिक र अन्य सुविधा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(८) समितिबाट मूल्याङ्कन गराउने भनी निर्णय भएको प्रतिष्ठानको मूल्याङ्कन गर्न आवश्यक विशेषज्ञको नियुक्ति गर्न सम्बन्धित निकायमा विज्ञ माग गर्ने, विशेषज्ञको परामर्श सेवा लिने, निजहरुलाई तोकेका सर्त अनुसार नियुक्ति दिने तथा निजहरुको काम सम्बद्ध विषयमा आवश्यक समन्वय र सहजीकरण मन्त्रालयको संस्थान हेर्ने महाशाखाबाट हुनेछ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको मूल्याङ्कनको लागि स्वदेशी विशेषज्ञ उपलब्ध नहुने क्षेत्रमा मात्रै विदेशी विशेषज्ञलाई नियुक्त गरिनेछ।

१२. **चालू अवस्थामा रहेका प्रतिष्ठानको मूल्याङ्कनः** (१) चालू अवस्थामा रहेका प्रतिष्ठानको सम्पत्ति व्यवस्थापन गर्न आवश्यक देखिएमा सम्बन्धित प्रतिष्ठानलाई तीन महिनाभित्रमा देहायका विषय खुलाई सम्पत्ति र दायित्वको यथार्थ मूल्याङ्कन गरी पठाउन निर्देशन दिन सकिनेछः-

(क) प्रतिष्ठानको चल, अचल सम्पत्तिको मूल्य,

(ख) प्रतिष्ठानको चालू, दीर्घकालीन, कोषमा व्यवस्था भए वा नभएको खुल्ने गरी दायित्व,

(ग) लेखापरीक्षण तथा वार्षिक साधारण सभा,

(घ) लगानी (सेयर तथा ऋण) को विवरण,

(ङ) रणनीतिक तथा व्यावसायिक योजना।

(२) उपदफा (१) बमोजिमको प्रतिष्ठानको मूल्याङ्कन सम्बन्धी खर्च सम्बन्धित प्रतिष्ठानले नै बेहोर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रतिष्ठानले मूल्याङ्कनका लागि विशेषज्ञ छनोट गर्दा दफा १० बमोजिमको आधार लिन सक्नेछ।

१३. **सरकारी लगानी व्यवस्थापनको प्रस्तावः** मन्त्रालयले सरकारी लगानी व्यवस्थापन सम्बन्धी प्रस्तावको सूचना तीस दिनको समय दिई राष्ट्रियस्तरको पत्रिकामा र मन्त्रालयको वेब पेजमा देहायका विषय समावेश गरी प्रकाशित गर्नु पर्नेछः-

(क) प्रस्तावमा खुलाउनु पर्ने आधारभूत विषय र प्रस्ताव पेस गर्ने ढाँचा,

(ख) प्रस्ताव साथ पेस गर्नु पर्ने आवश्यक कागजात,

(ग) प्रस्ताव मूल्याङ्कनका आधार,

(घ) प्रस्ताव पेस गर्ने तरिका,

(ङ) प्रस्ताव पेस गर्न कुनै शुल्क लाग्ने भए सो बापतको रकम र जम्मा गर्नु पर्ने राजस्व शीर्षक,

(च) प्रस्ताव पेस गर्न धरौटी वा बैङ्क जमानत राख्नु पर्ने भएमा सोको विवरण र बैङ्क जमानतको अवधि,

(छ) मूल्याङ्कनकर्ताबाट प्राप्त प्रतिष्ठानको न्यूनतम-मूल्याङ्कन अङ्क,

(ज) अनुभव लगायतका कुनै विवरण आवश्यक पर्ने भए सोको विवरण,

(झ) प्रस्ताव पेस गर्ने, प्रस्ताव खोल्ने लगायतको मिति, समय र स्थानको विवरण।

१४. **प्रस्तावमा समावेश गर्नु पर्ने विषयः** दफा १३ बमोजिम प्रस्ताव पेस गर्न चाहने प्रस्तावदाताले अनुसूची-३ मा उल्लेख भए बमोजिमका विषय प्रस्तावमा समावेश गर्नु पर्नेछ।

१५. **प्रतिष्ठानको सेयर विनिवेश गर्दा अवलम्बन गरिने विधिः** (१) ऐनको दफा ८ को खण्ड (क) मा उल्लेख भए बमोजिम सरकारी लगानी व्यवस्थापनको लागि प्रतिष्ठानको सेयर विनिवेश गर्दा देहायको कुनै विधि अवलम्बन गरिनेछः-

(क) खुला बजार बिक्री (ओपन मार्केट सेल) वा लिलामी (अक्सन),

(ख) प्रारम्भिक सार्वजनिक निष्कासन (इनिसियल पब्लिक अफरिङ्ग),

(ग) रणनीतिक बिक्री (स्ट्राटेजिक सेल)ः ठूला लगानीकर्ता वा अन्तर्राष्ट्रिय साझेदारलाई सेयर बिक्री,

(घ) माध्यमिक सार्वजनिक निष्कासन (फरदर पब्लिक अफरिङ्ग),

(ङ) बिक्री प्रस्ताव (अफर फर सेल)ः स्टक एक्सचेन्ज मार्फत सेयर स्वामित्व सोझै घटाउने।

(२) उपदफा (१) बमोजिमको कुनै प्रक्रियाद्वारा सेयर विनिवेश गर्दा देहायका विषय अवलम्बन गर्नु पर्नेछः-

(क) यस कार्यविधिमा उल्लिखित विधिबाट प्रतिष्ठानको सम्पत्ति, दायित्व र समग्र मूल्यको विस्तृत मूल्याङ्कन गर्नु पर्ने,

(ख) सेयर बिक्री सम्बन्धी प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पूरा गर्नु पर्ने,

(ग) सेयर बिक्री गर्दा उपदफा (१) बमोजिमको उपयुक्त विधिको छनोट गर्नु पर्ने,

(घ) सेयर बिक्री सम्बन्धी विस्तृत जानकारी सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्ने,

(ङ) मूल्याङ्कन प्रतिवेदनका आधारमा प्रतिसेयर मूल्य कायम गरी जनसाधारण र कामदार वा कर्मचारीलाई दिइने मूल्य निर्धारण गरिने,

(च) कर्मचारीलाई प्रदान गरिने सेयरको प्रतियुनिट मूल्य निर्धारण गर्दा सेयरको अङ्कित मूल्यभन्दा कम नहुने गरी कुल नेटवर्थका आधारमा गरिने,

(छ) कर्मचारी वा कामदारको लागि सेयर आव्हान गर्दा सो सुविधा लिएको कर्मचारीको लागि प्रतिकर्मचारी निर्धारण गरिएको सेयर सङ्ख्यामा यसअघि लिएको सेयरको सङ्ख्या घटाएर मात्र नयाँ सेयर प्रदान गरिने,

(ज) मूल्याङ्कन प्रतिवेदनका आधारमा प्रतिसेयर मूल्य कायम गरी जनसाधारण र कामदार वा कर्मचारीलाई दिइने मूल्य निर्धारण गरिने।

**१६. <u>प्रतिष्ठानको सम्पत्ति बिक्रीको प्रक्रिया</u>**ः (१) मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन भए पश्चात् सरकारी लगानी व्यवस्थापन प्रक्रियामा सम्पत्ति बिक्री गर्ने भनी सिफारिस भएपश्चात समितिले त्यस्तो प्रतिष्ठानको सम्पत्ति बिक्री सम्बन्धी प्रक्रिया अगाडि बढाउन सक्नेछ।

तर प्रतिष्ठानको जग्गा बिक्री गरिने छैन।

(२) उपदफा (१) बमोजिम सम्पत्ति बिक्री गर्दा दफा ७ को उपदफा (४) बमोजिमका विषय समावेश गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ।

**१७. <u>प्रतिष्ठानको सम्पत्ति मौद्रिकीकरण</u>:** (१) प्रतिष्ठानको चल, अचल सम्पत्तिलाई मूल्याङ्कन गरी सोको मौद्रिक मूल्य कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रतिष्ठानको मौद्रिक मूल्य कायम गरी आवश्यकता अनुसार दफा १६ को उपदफा (२) को प्रक्रिया अपनाई बिक्री गर्नु पर्नेछ।

**१८. <u>प्रस्ताव मूल्याङ्कन</u>:** (१) सरकारी लगानी व्यवस्थापन हुने प्रतिष्ठानसँग सम्बन्धित विषय समावेश गरी इकाईको सहयोगमा कार्यान्वयन समितिले ऐनको दफा १० मा उल्लिखित आधारमा मूल्याङ्कनका सूचक र प्रत्येक सूचकका लागि छुट्याइएको अङ्कभार सहित स्वीकृतिको लागि समिति समक्ष पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचक तयार गर्दा सकेसम्म वस्तुनिष्ठ र मापन गर्न सकिने हुनु पर्नेछ।

(३) प्रस्ताव मूल्याङ्कन गर्दा प्राविधिक मूल्याङ्कन र आर्थिक मूल्याङ्कन गरी दुई चरणमा गरिनेछ।

(४) उपदफा (३) बमोजिम प्रस्तावको मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावको मूल्याङ्कनमा कम्तीमा पचास अङ्क प्राप्त गर्ने प्रस्तावदातालाई मात्र आर्थिक प्रस्तावको मूल्याङ्कनमा समावेश गरिनेछ।

(५) उपदफा (४) बमोजिम प्राविधिक प्रस्तावमा पचास अङ्कभन्दा कम अङ्क प्रस्ताव गर्ने प्रस्तावदाताको प्रस्ताव अस्वीकृत गरिनेछ र अस्वीकृत भएपश्चात् अस्वीकृत भएको जानकारी सम्बन्धित प्रस्तावदातालाई दिइनेछ।

(६) उपदफा (४) बमोजिमको आर्थिक प्रस्तावमा सबैभन्दा बढी रकम कबोल गर्ने प्रस्तावदातालाई छनोट गरिनेछ।

१९. **सम्झौता गर्नु पर्नेः** (१) सरकारी लगानी व्यवस्थापनका लागि छनोट भएको प्रस्तावदातासँग सम्झौता गर्नु पर्नेछ।

(२) ऐनको दफा ११ मा उल्लिखित विषयका अतिरिक्त सम्झौतामा देहायका विषय उल्लेख हुनु पर्नेछः-

(क) परिभाषा तथा व्याख्या,
(ख) उद्देश्य तथा क्षेत्र,
(ग) स्वामित्व तथा वित्तीय सहयोग (इक्विटी एण्ड फाईनान्सियल सपोर्ट),
(घ) प्रतिष्ठानको व्यवस्थापन,
(ङ) सेयर स्वामित्व, बिक्री, हस्तान्तरण,
(च) सरकारको र प्रस्तावकर्ताको दायित्व,
(छ) क्षतिपूर्ति र विवाद समाधान,
(ज) अनुगमन तथा प्रतिवेदन,
(झ) सम्झौता पुनरावलोकन, संशोधन, नवीकरण र अन्त्य,
(ञ) पूरक सम्झौता,
(ट) सम्झौतामा उल्लेख गर्नु पर्ने अन्य आवश्यक विषय।

२०. **प्रतिष्ठान पुनः नेपाल सरकारले फिर्ता लिने प्रक्रियाः** (१) सरकारी लगानी व्यवस्थापन गरिएको प्रतिष्ठान कुनै कारणबाट नेपाल सरकारले फिर्ता लिनुपर्ने भएमा देहायका विषयहरु यकिन गरी लिनु पर्नेछः-

(क) प्रतिष्ठानको सम्पत्तिको अवस्था देखिने विस्तृत अध्ययन प्रतिवेदन,
(ख) सम्पत्तिको अवस्था फरक परेमा त्यस्तो सम्पत्तिको यकिन विवरण र मूल्य,
(ग) प्रतिष्ठानमा संलग्न निजी क्षेत्रको कुनै पनि प्रकारको सिर्जित दायित्व रहे वा नरहेको यकिन विवरण।

(२) उपदफा (१) बमोजिम कुनै प्रतिष्ठान फिर्ता लिंदा संलग्न निजी क्षेत्रले दायित्व फरफारख नगरेमा त्यस्तो दायित्व फरफारख गर्न लगाउनु पर्नेछ। त्यसरी दायित्व फरफारख नगरेमा त्यस्तो दायित्व सरकारी बाँकी सरह असुल उपर गर्न वा

प्रचलित कानून बमोजिम निजलाई कालोसूचीमा राख्नु पर्ने भएमा कालोसूचीमा राख्न वा दुवै कार्य गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

## अनुसूची-१

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

## स्वदेशी विशेषज्ञको टोलीको कार्यसर्त

**१. लेखापरीक्षक वा मूल्याङ्कनकर्ताको कार्यसर्तः**

(क) प्रतिष्ठानको विगत पाँच वर्षको लेखापरीक्षण प्रतिवेदनको विस्तृत अध्ययन गर्ने,

(ख) प्रतिष्ठानको कर दायित्व, ऋण, कर्मचारीलाई भुक्तानी गर्नु पर्ने अवकाश पूर्व र अवकाश पछिको दायित्व र अन्य आर्थिक दायित्वको मूल्याङ्कन गर्ने,

(ग) लेखा प्रणालीको जाँच गरी सम्पत्ति र दायित्वको सही अभिलेख सुनिश्चित गर्ने,

(घ) प्रतिष्ठानको भौतिक सम्पत्ति (जग्गा, भवन, मेसिनरी, सवारी साधन) को स्थलगत निरीक्षण गरी वर्तमान बजार मूल्य निर्धारण गर्ने,

(ङ) सम्पत्तिको अवस्था, प्रयोग र भविष्यको सम्भाव्यताको आधारमा मूल्याङ्कन गर्ने,

(च) चल सम्पत्ति, अचल सम्पत्ति र बौद्धिक सम्पत्ति जस्ता सबै प्रकारका सम्पत्तिको मूल्याङ्कन गर्ने,

(छ) मूल्याङ्कनको विस्तृत प्रतिवेदन तयार गर्ने।

**२. कानून विज्ञको कार्यसर्तः**

(क) प्रतिष्ठानको कानूनी कागजात (सम्झौता, मुद्दा, अनुमति, लाइसेन्स लगायत) को समीक्षा गर्ने,

(ख) प्रतिष्ठानको कानूनी दायित्व, मुद्दा र सम्भावित कानूनी जोखिमको मूल्याङ्कन विश्लेषण गर्ने,

(ग) प्रतिष्ठानको कर्मचारीसँग सम्बन्धित कानूनी विषयहरूको विश्लेषण गर्ने,

(घ) प्रतिष्ठानको कानूनी संरचना र सम्झौताहरूको समीक्षा गर्ने,

(ङ) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूको व्यवस्थापनको लागि उपयुक्त सुझाव दिने,

(च) मूल्याङ्कनको विस्तृत प्रतिवेदन तयार गर्ने।

**३. वित्तीय विश्लेषकको कार्यसर्तः**

(क) प्रतिष्ठानको वित्तीय अवस्था, नगद प्रवाह र ऋणको विश्लेषण गर्ने,

(ख) प्रतिष्ठानको भविष्यको वित्तीय सम्भाव्यता, बजार प्रतिस्पर्धा र उद्योगको अवस्थाको मूल्याङ्कन गर्ने,

(ग) प्रतिष्ठानको वित्तीय जोखिमको पहिचान गरी मूल्याङ्कन गर्ने,

(घ) प्रतिष्ठानको वित्तीय संरचना, ऋण र लगानीको मूल्याङ्कन गर्ने,

(ङ) मूल्याङ्कनको विस्तृत प्रतिवेदन तयार गर्ने।

**४. उद्योग विज्ञको कार्यसर्तः**

(क) प्रतिष्ठानको भौतिक सम्पत्ति (जग्गा, भवन, मेसिनरी, सवारी साधन लगायत अन्य सम्पत्ति) को स्थलगत निरीक्षण गरी वर्तमान बजार मूल्य निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको अवस्था, बजार प्रतिस्पर्धा र प्रविधिको मूल्याङ्कन गर्ने,

(ग) प्रतिष्ठानको उत्पादन, सेवा र बजार रणनीतिको मूल्याङ्कन गर्ने,

(घ) प्रतिष्ठानको भविष्यको सम्भाव्यता, बजार माग र उद्योगको प्रवृत्तिको विश्लेषण गर्ने,

(ङ) मूल्याङ्कनको विस्तृत प्रतिवेदन तयार गर्ने।

## अनुसूची-२

(दफा ११ को उपदफा (७) सँग सम्बन्धित)

**स्वदेशी विशेषज्ञको टोलीको योग्यता**

१. **लेखापरीक्षक वा मूल्याङ्कनकर्ताको योग्यताः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको,

(ख) नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था वा अन्य मान्यता प्राप्त लेखापरीक्षण संस्थाको सदस्यता लिएको,

(ग) सरकारी वा निजी क्षेत्रमा कम्तीमा सात वर्षको लेखापरीक्षणको निरन्तर अनुभव भएको,

(घ) नेपाल लेखापरीक्षण मापदण्ड र वित्तीय प्रतिवेदन मापदण्डको ज्ञान भएको।

२. **कानून विज्ञको योग्यताः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कानून विषयमा कम्तीमा स्नातक उपाधि हासिल गरेको,

(ख) नेपाल बार काउन्सिलको सदस्यता लिएको,

(ग) सरकारी वा निजी क्षेत्रमा कम्तीमा सात वर्षको कानूनको बिषयको अनुभव भएको,

(घ) कम्पनी कानून, सम्झौता कानून र सम्बन्धित कानूनको ज्ञान भएको।

३. **वित्तीय विश्लेषकको योग्यताः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउन्टेन्सी उपाधि हासिल गरेको वा चार्टर्ड फाइनान्सियल एनालिस्ट वा अन्य मान्यता प्राप्त वित्तीय विश्लेषण संस्थाको सदस्यता लिएको,

(ख) सरकारी वा निजी क्षेत्रमा कम्तीमा सात वर्षको वित्तीय विश्लेषण विषयको अनुभव भएको,

(ग) वित्तीय प्रतिवेदन, वित्तीय विश्लेषण र वित्तीय मोडलिङको ज्ञान भएको।

४. **उद्योग विज्ञको योग्यताः**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ वा औद्योगिक इन्जिनियरिङमा स्नातकोपाधि हासिल गरेको,

(ख) नेपाल इन्जिनियरिङ परिषद्को सदस्य भएको,

(ग) सम्बन्धित क्षेत्रमा कम्तीमा सात वर्षको अनुभव भएको,

(घ) उद्योगको बजार, प्रविधि र प्रतिस्पर्धाको ज्ञान भएको।

## अनुसूची-३

(दफा १४ सँग सम्बन्धित)

**प्रस्तावमा समावेश गर्नु पर्ने विषयहरु**

**१. प्रस्तावदाता कम्पनीको परिचयः**

(क) कम्पनीको नाम, ठेगाना, दर्ता नम्बर र स्थापना मिति,

(ख) कम्पनीको सञ्चालक समितिको विवरण,

(ग) कम्पनीको वित्तीय अवस्था (विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन),

(घ) कम्पनीको अनुभव र क्षमता (सम्बन्धित क्षेत्रमा गरेको कार्यको विवरण),

(ङ) अन्तर्राष्ट्रियस्तरमा सेवा विस्तार वा व्यावसायिक साझेदार भए सोको संक्षिप्त विवरण र त्यस्ता साझेदारसँगको सहमति।

**२. प्रतिष्ठानको सम्पत्ति व्यवस्थापन योजनाः**

(क) सम्पत्ति कसरी व्यवस्थापन गर्ने योजना (सञ्चालन, मर्मत, सुधार),

(ख) सम्पत्तिबाट प्राप्त हुने आम्दानीको प्रक्षेपण,

(ग) सम्पत्तिको प्रयोगबाट हुने सामाजिक र आर्थिक लाभको विवरण,

(घ) सम्पत्तिको प्रयोगबाट वातावरणमा पर्न सक्ने प्रभाव र त्यसको व्यवस्थापन योजना।

**३. प्रतिष्ठानको लगानी योजनाः**

*(क)* सम्पत्ति व्यवस्थापनका लागि आवश्यक लगानीको विवरण,

*(ख)* लगानीको स्रोत (आफ्नै पुँजी, ऋण, साझेदार),

*(ग)* लगानीको प्रतिफलको प्रक्षेपण,

*(घ)* लगानीबाट रोजगारी सिर्जना र आर्थिक गतिविधिमा हुने योगदान।

**४. प्रतिष्ठानको प्राविधिक प्रस्तावः**

(क) सम्पत्तिको प्राविधिक पक्षको विश्लेषण,

(ख) सम्पत्तिको सुधार र स्तरोन्नति गर्ने योजना,

(ग) आवश्यक प्रविधि र उपकरणको विवरण,

(घ) प्राविधिक जनशक्तिको विवरण।

**५. प्रस्तावदाता कम्पनीको कानूनी प्रस्तावः**

(क) कम्पनीको कानूनी संरचना र स्वामित्वको विवरण,

(ख) सम्पत्ति हस्तान्तरण सम्बन्धी कानूनी प्रक्रियाको पालना,

(ग) कम्पनीले पालना गर्नु पर्ने कानूनी दायित्वहरूको विवरण,

(घ) कम्पनीको कुनै कानूनी विवाद अदालतमा विचाराधीन रहेको भए सो सम्बन्धी विवरण।

६. **प्रतिष्ठानको वित्तीय प्रस्तावः**

(क) सम्पत्ति व्यवस्थापनका लागि प्रस्ताव गरिएको शुल्क वा रोयल्टी,

(ख) सम्पत्तिको भाडा वा लिजको प्रस्ताव,

(ग) सरकारलाई बुझाउने कर र अन्य शुल्कको विवरण

७. **अन्य विषयहरूः** (प्रतिष्ठान लिएपछि)

(क) कम्पनीको सामाजिक उत्तरदायित्व योजना,

(ख) कम्पनीले स्थानीय समुदायलाई दिने लाभको विवरण,

(ग) कम्पनीको पारदर्शिता र जवाफदेहिताको प्रतिबद्धता,

(घ) प्रचलित कानून र सम्झौताको पालना गर्ने स्वघोषणा सहितको प्रस्तावको निवेदन,

(ङ) व्यवसाय दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(च) पछिल्लो तीन आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(छ) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) कालोसूचीमा नपरेको स्वघोषणा।